# रिडी पावर कम्पनी लिमिटेड

का.म.पा. वडा नं.११, थापाथली काठमाडौं

फोन नं. ०१–५१११०१५,

ईमेलः ridipower@gmail.com, Website: www.ridipower.com.np


## २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/०६ शुक्रबार

यस कम्पनीको मिति २०७९/१०/०४ गते बुधबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको २१औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्न बस्ने हुँदा सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७९ साल माघ २९ गते, आईतबार (तदनुसार १२ फेब्रेरी, २०२३)

स्थान : इन्द्रेणी कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं ।

समय : बिहान ११:०० बजे देखि ।

**२१औं वार्षिक साधारण सभाका लागि प्रस्तावित एजेण्डाहरू**

**(क) सामान्य प्रस्ताव**

(१) आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदनमा छलफल तथा पारित गर्ने सम्बन्धमा ।

(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०७९ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० को लागि लेखा परीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) २१औं बार्षिक साधारण सभा प्रयोजनको लाागि शेयर दाखिला किताब बन्द भएको मितिसम्म कायम शेयरधनीहरु लाई आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पूँजीको २.१० प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

(५) मर्जर पश्चात् दुबै कम्पनीको विषेश साधारण सभाले नियुक्त गरेको सञ्चालकहरुलाई साविक रिडी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड तथा साविक रैराङ हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड बीच गाभि सम्झौताको १(ठ) बमोजिम शेयरधनीहरुको तर्फबाट ४ जना नियुक्त भएका सञ्चालकहरुलाई अनुमोदन गर्ने तथा कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेको १ जना स्वतन्त्र सञ्चालकलाई आगामि ४ वर्ष कार्यकालको लागि नियुक्त गर्ने सम्बन्धमा ।

(६) तल्लो बलेफि खोला (२० मे.वा.) आयोजनाको लागि रिडी पावर कम्पनीको तर्फबाट ऋण जमानी बस्ने सम्बन्धमा ।

**बिषेश प्रस्ताव**

(१) आ.व. २०७८/७९ को आम्दानीबाट कम्पनीका शेयरधनीहरुलाई सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको हाल कायम रहेको चुक्ता पूंजीको ४० प्रतिशतले हुन आउने रकम बराबर बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।

(२) बोनश शेयर वितरण पश्चात् कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

(३) कम्पनीले साझा पावर डेभलपमेण्ट प्राईभेट लिमिटेडको सम्पूर्ण शेयर खरिद गर्ने सम्बन्धमा ।

(४) कम्पनीको नाममा रहेका पुराना सवारी साधन, मेसिनरी (मोटरसाईकल/गाडी आदी) बिक्री गर्ने वा भाडामा दिने सम्बन्धमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(५) कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा संशोधन सम्बन्धी पारित प्रस्ताव कम्पनीको रजिष्टर्ड कार्यालयबाट स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(६) यस कम्पनीले आवश्यकताको सिद्धान्त अनुसारअन्य कम्पनीहरुसँग मर्जर गर्ने तथा अन्य कम्पनीहरुलाई यस कम्पनीमा प्राप्ती गर्ने सम्बन्धमा ।

**विविध**

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहीतको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) साधारणसभाको प्रयोजनका लागि २०७९ साल माघ १८ गते (एक दिन) शेयरको दर्ता किताव बन्द रहनेछ । २०७९ माघ १८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई, कायम रहेका शेयरधनीहरु मात्र यस लाभांश लागि योग्य हुनेछन ।

३) शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला गरिनेछ ।

४) विद्युतिय माध्यमबाट पनि आफ्नो मन्तव्य राख्न चहानु हुने शेयरधनी महानुभावहरुका लागि पनि व्यवस्था मिलाईकाले कम्तिमा २४ घण्टा अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email : ridipower@gmail.com वा सर्म्पक गरी नाम टिपोट गराउनु हुन अनुरोध छ ।

५) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) दिई नियुक्त गर्नुपर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

६) एक भन्दा वढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

७) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

८) २१ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, पाचौं तल्ला, ट्रेड टावर, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेव साइट www.ridipower.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**